# स्थानीय तहका असल अभ्यास र सिकाई सम्बन्धी प्रदेशस्तरीय अनुभव आदान प्रदान कार्यक्रम

## जिल्ला समन्वय समिति मोरङ को प्रस्तुती

मोरङ जिल्ला कोशी प्रदेश

२०८२।०९।२४

विराटनगर

# परिचय

जिल्लाको क्षेत्रफलः- १८५५ वर्ग कि.मी.

निर्वाचन क्षेत्रः- संघ ६, प्रदेश-१२

जनसंख्याः- ११,४८,१५६ ( राष्ट्रिय जनगणना २०७८)

जनसंख्या वृद्धिदरः- १.७%

स्थानीय तहको संख्याः- १७ (महानगर-१,  नगरपालिका-८,

 गाउँपालिका ८)

कोशी प्रदेशको राजधानी रहेको जिल्ला



# जिल्ला स्थित स्थानीय तहको समग्र अवस्था विश्लेषण

- मन्त्रालयको च.नं. ०९ मिति २०८२.०४.०७ को पत्रानुसार मिति २०८२/०५/११ मा वार्षिक समीक्षा आयोजना गर्दा बुढीगंगा गाउँपालिका र ग्रामथान गाउँपालिकाबाट उपस्थिति नरहेको । अन्य १५ वटाबाट प्रस्तुति भएको ।
- मन्त्रालयको ढाँचामा पूर्ण विवरण नराखेर कतिपयले प्रस्तुतीकरण गरेकोले विश्लेषण गर्न पूर्ण जानकारी अभाव भएको ।
- विभिन्न दस्तावेज(जस्तै MTEF, आवधिक योजना आदि) भएको भनिएकोमा तिनको कार्यान्वयन र प्रभावको पक्ष अध्ययन गर्न नसकिएको ।
- उपलब्ध स्रोत र जानकारीको आधारमा वस्तुस्थिति विश्लेषणको प्रयास गरिएको ।



# जिल्ला स्थित स्थानीय तहको समग्र अवस्था विश्लेषण

- जनशक्ति व्यवस्थापन तर्फ सवैजसो स्थानीय तहमा जनशक्ति पदपूर्तिको अवस्था रहेको ।
- प्रमुख प्रशासकीय भवन ४ वटा स्थानीय तहको नरहेको। वडा कार्यालय धेरैजसोको रहेको एवम् वडामा पँहुच भएको पाइएको ।
- धेरैजसो स्थानीय तहमा कानून निर्माण मध्यम देखिएको। ऐन संख्या न्यूनतम ९ देखि अधिकतम ४१ वटा सम्म निर्माण भएको । नियमावली न्यूनतम २ देखि बढीमा १४ सम्म वनेको पाइएको ।
- आवधिक योजना र मध्यकालीन खर्च संरचना (MTEF) ८/८ वटा स्थानीय तहले बनाएको पेश भएको तर यसको प्रभाव र प्रयोगको अवस्था अध्ययन गर्न बाँकी रहेको ।
- स्थानीय तहको आन्तरिक आयः- नदीजन्य राजश्व परिचालन गर्ने तहको सवल, अन्यको मध्यम रहेको ।



# जिल्ला स्थित स्थानीय तहको समग्र अवस्था विश्लेषण

- न्यायिक समितिको कार्य फर्यौट प्रतिशतः-


न्यूनतम मुद्दा फर्स्यौट केराबारी गाउँपालिकाको १२ मध्ये १० र अधिकतम फर्स्यौट विराटनगरमहानगरपालिका ४१८ मध्ये ३६८ ।

- वातावरण तथा विपद् व्यवस्थापनः-
  - स्थानीय विपद् व्यवस्थापन समिति सबै स्थानीय तहको गठन भएको।
- सेवा प्रवाह र सुशासनः-
  - सेवा प्रवाहको लागि सबै स्थानीय तहले सफ्टवेयर प्रयोग गरेको। सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्था भएको।





फोटोः- उर्लावारी नगरपालिकाबाट सन्थाल समुदायमा सञ्चालित कपडा उद्यम तथा प्रविधि हस्तान्तरण(स्रो. उर्लावारी नगरपालिका)

# बेरुजुको अवस्थाः- ६२ औँ प्रतिवेदनसम्म




स्रोतः महालेखापरीक्षकको कार्यालय




**आ.व. २०८०/८१ को मात्र**

सवैभन्दा कम विराटनगर महानगरपालिकाको ०.३२%

सवैभन्दा बढी सुनवर्षी नगरपालिका ३.४२%

# साझा प्रवृत्ति

- वितरणमुखी कार्यक्रमलाई सवैजसो स्थानीय तहले जोड दिएको ।
- वितरित वस्तु र सेवालाई कसरी उत्पादन सँग जोड्ने भन्ने प्रतिवद्धता र नतिजाको प्रतिवेदन प्रणाली नपाइएको ।
- दैनिक सेवा प्रवाहमा उल्लेखनीय सुधार ।
- सार्वजनिक खर्चलाई उत्पादन प्रणालीमा आवद्धता गर्न नसकिएको ।
- पूजीगत विनियोजनमा सीमितता चालू खर्च रोक्ने रणनैतिक कदमको अभाव ।



- स्थानीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व सम्बन्धी कानूनको अभाव तथा संघीय कानून अनुसार मध्यकालीन खर्च संरचना, आन्तरिक नियन्त्रण प्रणाली, आयोजना बैंक, बजेट तर्जुमा लगायत कार्यको संस्थागत विकास नभएको ।

# जिल्ला स्तरीय असल अभ्यास आदान प्रदान कार्यक्रममा प्रस्तुत भएका असल अभ्यासको सूची

| क्र.स. | स्थानीय तहको नाम | असल अभ्यास | कैफियत |
|---|---|---|---|
| १ | विराटनगर महानगरपालिका | अटिजम सेण्टर स्थापना | |
| २ | सुन्दरहरैचा नगरपालिका | बेरुजु फर्स्यौटमा उल्लेखनीय प्रगति (५७.३३%) | |
| ३ | रंगेली नगरपालिका | सिंचाई प्रणाली विकास, पालिका अस्पताल विकास | छनौटमा परेको |
| ४ | उर्लावारी नगरपालिका | विपन्न नागरिकलाई स्वच्छ खानेपानी कार्यक्रम | |
| ५ | रतुवामाई नगरपालिका | सिंचाई महसुल भुक्तानी, निशुल्क शव वहान र एम्बुलेन्स सेवा | |
| ६ | पथरीशनिश्चरे नगरपालिका | २१८० विपन्न परिवारको निशुल्क स्वास्थ्य बीमा | |
| ७ | लेटाङ नगरपालिका | अन्तरधार्मिक पार्क र राजारानी ताल सहित पर्यटन पूर्वाधार निर्माण | |
| ८ | बेलबारी नगरपालिका | आफ्नै नगर बस र एम्बुलेन्स सेवा | |
| ९ | बुढीगंगा गाउँपालिका | मेरो स्वास्थ्य मेरो सुरक्षा कार्यक्रमबाट स्वास्थ्य सेवा तथा घरमा नै स्क्रिनिङ कार्यक्रम | |
| १० | केराबारी गाउँपालिका | प्राङ्गारिक कृषि मल तथा प्रविधि हस्तान्तरण कार्यक्रम | छनौटमा परेको |
| ११ | धनपालथान गाउँपालिका | | |
| १२ | जहदा गाउँपालिका | कक्षा ११ का छात्रालाई साइकल वितरणद्वारा शिक्षा प्रवर्द्धन | |

# स्थानीय तहले अनुभूत गरेका प्रमुख समस्या/चुनौती

## नीतिगत

- एकल र साझा अधिकारका संघीय ऐनहरु जारी नहुनु (जस्तै संघीय निजामती सेवा ऐन जारी नहुँदा साविक जि.वि.स.बाट समायोजन भएका कर्मचारीको उपदान गणना जस्ता अनेकन समस्या रहेको ।)
- नदीजन्य पदार्थ विक्री र अन्य आय ठेक्का सम्बन्धी कानूनको अभावमा राजश्व परिचालनमा समस्या रहेको ।
- स्थानीय तहको राजस्व परिचालनमा कराधार वृद्धि र राजस्व सुधार कार्ययोजना तर्जुमा र कार्यान्वयन ।
- स्थानीय तहको संगठन र व्यवस्थापन सर्वेक्षण सम्बन्धी नीतिगत एकरुपता र स्पष्ट मापदण्डको अभाव ।

## संस्थागत

- संघीय र प्रदेश कानूनमा व्यवस्था भएका परियोजना बैंक, मध्यकालीन खर्च संरचना, बजेट तर्जुमा, कानून निर्माण जस्ता बाध्यकारी व्यवस्था परिपालना गर्न अनुशिक्षण र व्यवहारिक तालिम आवश्यकता रहेको ।
- स्थानीय तह संस्थागत स्वमूल्याङ्कन (LISA) (हाल निष्कृय रहेको) र LGPAS मा प्रस्तुत हुने कागजातको विश्वसनीयता र कार्यान्वयन योग्यताको सवाल ।
- वित्तीय समानीकरण र राजस्व बाँडफाँडको रकम प्रतिबद्धता अनुसार प्राप्त नहुँदा योजना/कार्यक्रम प्रभावित हुने।
- स्थानीय विपद व्यवस्थापन समितिको स्रोत साधन र दक्षता अभिवृद्धि नहुन ।

# स्थानीय तहले अनुभूत गरेका प्रमुख समस्या/चुनौती

**व्यवहारिक समस्या**

- जग्गा प्राप्ति प्रकृया झन्झटिलो भएको भन्ने गुनासो ।
- हस्तान्तरण भएका र हस्तान्तरण नभएका रुग्ण आयोजनाको ठेक्का व्यवस्थापन (जस्तै रंगेली र लेटाङको कोल्ड स्टोरेज), रतुवा खोला पुल, हुलाकी राजमार्ग, मदनभण्डारी राजमार्गको मधुमल्ला-लेटाङ-धरान खण्ड, पथरी-जाँते-ज्यामिरे सडक, बेलबारी-बुधबारे-राजारानी सडक, बुढीगंगा र सुन्दरहरैचामा पर्ने नेमुवा-गछिया सडकको ठेक्का अलपत्र परेको ।
- उत्तरी क्षेत्रका स्थानीय तहहरु (उर्लावारी, पथरीशनिश्चरे, लेटाङ, कानेपोखरी, सुन्दरहरैचा लगायतमा) जंगली हात्तिको कारण धनजन तथा कृषि उपजमा क्षति पुग्ने गरेको ।
- जिल्लाका बुढीखोला, सिंगिया, रतुवा, बक्राहा जस्ता नदीको कटान,डुबान तथा बाढी नियन्त्रण गर्ने चुनौती ।
- स्थानीय तथ्याङ्क प्रणाली सुदृढ नहुनु, कतिपय स्थानीय तहको सडक, पुल, विद्युत आपूर्तिको Baseline Data नै नहुनु ।

# सङ्घीय सरकारसँग अपेक्षा

स्थानीय तहका अपेक्षाहरुः-

- संविधानको अनुसूचीमा उल्लेखित एकल र साझा अधिकार सम्बन्धी संघीय कानूनको निर्माण।
- नदीजन्य पदार्थ विक्री र आय ठेक्का व्यवस्थापन सम्बद्ध कानूनको निर्माण।
- वित्तीय समानीकरण र राजस्व बाँडफाँड रकमको प्रतिवद्धता बमोजिमको सुनिश्चितता।
- रुग्ण ठेक्का व्यवस्थापन सम्बद्ध समस्या समाधान।
- जग्गा प्राप्ति र सार्वजनिक खरिद ऐनमा सरलीकरण र शीघ्र निर्णयको सुनिश्चितता।
- सार्वजनिक खरिद र योजना प्रणाली सम्बन्धमा जनप्रतिनिधि र कर्मचारीलाई अनुशिक्षण।
- गृह मन्त्रालयको नागरिकता अभिलेख प्रणाली CMIS मा सम्बन्धित तहको अभिलेखमा पहुचको व्यवस्था।
- स्थानीय राजस्व परिचालन बृद्धिमा सहयोग, समन्वय र प्रविधि हस्तान्तरण।

# सङ्घीय सरकारसँग अपेक्षा

**जिल्ला समन्वय समितिका अपेक्षाहरुः-**

- अनुगमन तथा समन्वय सम्बन्धी थप स्पष्टता र जिम्मेवारी तोक्न संघीय ऐन तथा कानूनी व्यवस्था।
- जिल्ला समन्वय समितिको अनुगमन तथा निर्देशन बाध्यकारी हुने व्यवस्था।
- स्थानीय सरकार कार्यसम्पादन मूल्याङ्कन LGPAS जस्ता प्रणालीमा जि.स.स.को भूमिका बाध्यकारी हुने व्यवस्था तथा स्थानीय अनुदानसँग आवद्धताको अपेक्षा।
- स्रोत साधन र क्षमता विकासको अपेक्षा।
- संघीय निजामती सेवा ऐनको व्यवस्था तथा सामायोजित कर्मचारीको सुविधाको द्विविधा समाधानको व्यवस्था।
- साविकमा रहेको स्थानीय सरकार संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA) र वित्तीय सुशासन जोखिम मूल्यांकन(FRA) को स्थानमा LGPAS को चाँडो कार्यान्वयन।

धन्यवाद ।